नेपाल सरकार
अर्थ मन्त्रालय, सिंहदरबार

## पुराना इलेक्ट्रोनिक्स तथा फर्निचर सामान लिलाम बिक्रीसम्बन्धी सूचना

प्रकाशित मितिः २०७६।१०।२३

यस मन्त्रालयमा रहेका तपशिलमा उल्लिखित प्याकेज १ र प्याकेज २ बमोजिमका पुराना जिन्सी सामानहरू जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**सामानको विवरण**

| सि.नं. | सामानको विवरण | न्यूनतम मूल्य | बोलपत्र दस्तुर |
|---|---|---|---|
| प्याकेज १ | इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिक्स सामानहरु (कम्प्युटर, फोटोकपी मेशीन, प्रिण्टरलगायत इलेक्ट्रोनिक्स तथा मेशीनरी सामानहरु) | ५,८७,३८४/- | रु.१०००/- |
| प्याकेज २ | फर्निचर (टेबुल, कुर्सी, फायल क्याबिनेट, दराजलगायतका सामानहरु) | ७१,६५०/- | रु.३००/- |

शर्तहरुः

१. इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र एभरेष्ट बैंक लि.को सिंहदरबारस्थित राजस्व खाता नम्बर ००१००१०६२०००००, कार्यालय कोड नम्बर ३०५००३५०१ राजस्व शिर्षक नं. १४२२९ मा प्याकेज १ कोलागि रू.१०००/- र प्याकेज २ को लागि रू.३००/- (फिर्ता नहुने गरी) दाखिला गरेको सक्कल भौचर, अद्यावधिक फर्म/ कम्पनी दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रका प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयको स्टोर शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेभित्र यस मन्त्रालयको स्टोर शाखामा दर्ता गर्नु पर्नेछ। यसरी म्यादभित्र दाखिला भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

३. बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन वा खोल्ने दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य हुनेछ।

४. बोलपत्रसाथ बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशत रकम सिंहदरबारस्थित को.ले.नि.का. भुक्तानी केन्द्र ४ को एभरेष्ट बैंक लि.को धरौटी खाता नम्बर ००१००१०५२०१२६८ कार्यालय कोड नम्बर ३०५००३५०१ मा दाखिला गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले माथि उल्लिखित प्याकेज मध्ये कुनै एक प्याकेज वा दुवै प्याकेजका लागि अगल अलग बोलपत्र फाराम खरिद गरी दाखिला गर्नुपर्नेछ।

६. रीत नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्तसहितको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

७. बोलपत्र स्वीकृत गर्ने वा आंशिक रूपमा स्वीकृत गर्न वा सूचना नै रद्द गर्ने अधिकार यस मन्त्रालयमा निहित रहनेछ।

८. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिनभित्र बोलपत्रमा कबोल गरेको अंक रकम एभरेष्ट बैंक लि. सिंहदरबारस्थित राजस्व खाता नम्बर ००१००१०६२०००००, कार्यालय कोड नम्बर ३०५००३५०१ राजस्व शीर्षक नं. १४२१२ मा दाखिला गरेको सक्कल भौचर पेश गरी लिलाममा परेका सम्पूर्ण सामानहरू उठाई लैजानु पर्नेछ।

९. बोलपत्रदाताले आफूले कबोल गरेको रकममा १३ प्रतिशतले हुने मु.अ.कर वापतको रकम समेत दाखिला गर्नु पर्नेछ ।

१०. इच्छुक व्यक्तिले लिलाम हुने मालसामानहरु हेर्न चाहेमा कार्यालय समयमा दिउँसो २ बजे देखि ४ बजेसम्म यस मन्त्रालयको स्टोर शाखामा सम्पर्क गरी हेर्न सकिने छ ।

११. यस सूचनाको विवरण यस मन्त्रालयको वेभसाइट www.mof.gov.np मा समेत हेर्न सकिने छ ।